आज मिति २०७६ साल माघ २२ गते बुधवारको दिन बैतेश्वर गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँ कार्यपालिकाको अध्यक्ष छविलामाको अध्यक्षतामा बैतेश्वर गाउँपालिकाको कार्यालय पाडुडाडामा देहायका पदाधिकारीको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

१. अध्यक्ष श्री छविलामा
२. उपाध्यक्ष श्री रविचन्द्र आचार्य
३. सदस्य श्री बुर्ज बहादुर तमाङ
४. सदस्य श्री श्याम कुमार तमाङ घिसिङ
५. सदस्य श्री कृष्ण बहादुर दहाल
६. सदस्य श्री कुमार चौलागाईं
७. सदस्य श्री माधव बहादुर बस्नेत
८. सदस्य श्री शमशेर घिसिङ
९. सदस्य श्री ईश्वरराज रिमाल
१०. सदस्य श्री रमेश कुमार अधिकारी
११. सदस्य श्री फुलकान्छी विश्वकर्मा
१२. सदस्य श्री चैसम तमाङ
१३. सदस्य श्री शान्ती तमाङ
१४. सदस्य श्री मानकुमारी रिमाल
१५. सदस्य श्री ढाल बहादुर सिटौला
१६. सदस्य श्री राजन नेपाली
१७. ७औं अधिकृत श्री विक्रम कार्की

**निर्णय नं. (१)** बैतेश्वर गाउँपालिका वडा नं. २ मा आधारभूत स्वास्थ्य केन्द्र भवन नभएको, चालु आ.व.मा स्वास्थ्य भवन निर्माण गर्न स्वास्थ्य मन्त्रालयबाट बजेट उपलब्ध हुने भएकोले आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणको लागी वडा नं. २ बस्ने रामजी तमाङ, भक्त बहादुर श्रेष्ठ, र दिपक कुमार तमाङको नाममा संगोलमा रहेको, बैतेश्वर २ (साविक गैरीमुदी वडा नं. ७) को कि.नं. १६४७ को क्षेत्रफल ०.०८२० बर्ग मी पर्ने आधारभूत स्वास्थ्य केन्द्र वडा नं. २ को नाममा दान पत्र गरि दिने भएकोले दानपत्र स्वीकार गर्ने, दान पत्र लिन स्वास्थ्य इकाइका अधिकृत छैठौं, स्वास्थ्यका बाबुलाल लामा लाई प्रतिनिधि पठाउने निर्णय गरियो ।

निर्णय नं.(२) वैतेश्वर गाउँपालिका वडा नं. ६ मा आधारभूत स्वास्थ्य केन्द्र भवन नभएको, चालु आ.व.मा स्वास्थ्य भवन निर्माण गर्न स्वास्थ्य मन्त्रालय बाट बजेट उपलब्ध हुने भएकोले आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माणको लागि, वैतेश्वर वडा नं. ६ (साविक नाम्दु गा.वि.स.वडा नं.८) बस्ने लक्ष्मी प्रसाद भण्डारीको नाममा रहेको कि.नं. १११३ को जग्गा, जग्गा धनिका छोराहरु, ठाकुरनाथ भण्डारी, रुद्रप्रसाद भण्डारी र केदार भण्डारी ले संगोल बाट आफ्नो नाममा नामसारी गरि कि.नं. १११३ को कित्ताबाट कित्ता काट गरि ०१०२० व.मी. जग्गा आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ६ को नाममा दानपत्र गरि दिन इच्छुक भएकोले उक्त जग्गा दानपत्र स्वीकार गर्न, दान पत्र लिन स्वास्थ्य इकाइका अधिकृत ६औं स्वास्थ्यका - बाबुलाल लामालाई प्रतिनिधि पठाउने निर्णय गरियो।

निर्णय नं.(३) वैतेश्वर गाउँपालिका वडा नं. १, ३, ४, ६ र ८ मा रहेका स्वास्थ्य केन्द्र भवन भूकम्पका कारण जिर्ण भई, स्वास्थ्य सेवा प्रदान गर्न असुविधा भएकोले स्वास्थ्य केन्द्र भवन निर्माण गर्न नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरबार काठमाण्डौंमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं.(४) चिकित्सक वा स्वास्थ्यकर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०७६ को बुँदा ५ को (३) बमोजिम उम्मेदवार छनौटको लागि निम्न बमोजिमको छनौट समिति गठन गरियो।

तपसिल

१) संयोजक श्री प्रमुख प्रशासकिय अधिकृत
२) सदस्य श्री श्याम बहादुर खड्का (विज्ञ) भिमेश्वर न.पा. स्वास्थ्य प्रमुख (अधिकृत ६औं स्वास्थ्य)
३) सदस्य श्री रुपेश चापागाईं, हे.अ.

निर्णय नं.(५) वैतेश्वर गाउँपालिका र पहुँच परियोजनाको सहकार्यमा संचालन भै रहेको, अभिभावक कक्षाको अनुगमन, सहजकर्ताहरुलाई आवश्यक सहयोग पुऱ्याउन र पहुँच परियोजनाको अन्य गतिविधि हरुमा पनि सहयोगको लागि पहुँच परियोजना बाट खर्च व्यवस्थापन हुने गरि १ जना अनुभवि दैनिक ज्यालादारीमा आवश्यक भएकोले, लामो समय जे.सि.पि. मा काम गरि अनुभव प्राप्त गरेका वैतेश्वर वडा नं. ३ का राजकुमार दहाललाई परियोजनाको नियमानुसार सम्झौता गर्न पहुँच परियोजनालाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं.(८) बैतेश्वर गाउँ पालिका वडा नं.७ मा आधारभूत स्वास्थ्य केन्द्र भवन, नभएको, चालु आ.व.मा स्वास्थ्य भवन निर्माण गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट भवन निर्माणको लागी बजेट उपलब्ध हुने भएकोले भवन निर्माणको लागी न्यूनतम जग्गा आवश्यक परेकोमा बैतेश्वर वडा नं. ७ । साविक नाम्दु गा.वि.स. वडा नं. ८) बस्ने केदारनाथ भण्डारी र रुद्र प्रसाद भण्डारीले आ-आफ्नो नाममा रहेको कि.नं. १११७ को क्षेत्रफल ०५५० बाट ०२५८ व.मी. र कि.नं. १११६ को क्षेत्रफल ०६४५ बाट ०२५५ व.मी. कित्ताकाट गरी आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ७ को नाममा निःशुल्क दान पत्र गरिदिने भएकोले दान पत्र स्वीकार गर्ने, दान पत्र लिन सब-इन्जिनियर प्राविधिक निरोज पाण्डेलाई प्रतिनिधि पठाउने निर्णय गरियो।